स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका मेनुका पौडेलको आखामा 'कस्मेटिक प्रोथेस्टिक' भनिने कृत्रिम आँखा राखिएको छ । केही दिनअघि तिलगंगा अस्पतालकी वरिष्ठ अकुप्लास्टिक सर्जन डा. पूर्णिमा राजकर्णिकार लगायतको समूहले कृत्रिम आँखा राखेको हो । 'कस्मेटिक प्रोथेस्टिक' राखिएपनि मेनुकाको दृष्टि चाहिं फिर्ता नआउने अस्पतालका वरिष्ठ नेत्र चिकित्सक डा. सन्दुक रुइतले बताए । 'यो फङ्सनल होइन, चस्मा खोलेर बाहिरबाट हेर्दा उहाँको आँखा अलि राम्रो देखियोस् भनेर कस्मेटिक प्रोथेस्टिक राख्या हो,' ।

**आजको विचार...**



के...
(दुई पेजमा)

प्रेमराज अवस्थी



कुनै बेला बलिउड फिल्ममा अभिनेत्री मनीषा कोइरालाको राम्रो दबदबा थियो । सन् १९९१ मा आएको फिल्म 'सौदागर'बाट अभिनय करिअर सुरु गरेकी उनले त्यसपछि दर्जनौं फिल्ममा काम गरिन् । अहिले सहायक भूमिकामा बढी देखिने गरेकी छन् । यसको पछाडि उमेर र समय पनि एउटा कारण हुनसक्छ । यद्यपि, यतिबेला नेटफ्लिक्स सिरिज 'हिरामन्डी : द डायमन्ड बजार'ले उनलाई चर्चामा ल्याएको छ । यसमा उनी सहायक भूमिकामा छैनन्, लगभग सिरिज नै उनको काँधमा छ । 'मल्लिका जान'को भूमिकामा उनले बुलन्द अभिनय गरेकी छन् ।

❒ वर्ष २९ ❒ अंक २७८ ❒ २०८१ वैशाख २६ गते बुधबार 8 May 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## आज कानुन दिवस मनाइँदै




**पाल्पा,** वैशाख २५/आज कानुन दिवस मनाइँदै छ । कानुन दिवस देशभर विभिन्न कार्यक्रम आयोजना गरी मनाउन लागिएको हो ।

नेपालमा प्रधान न्यायालय स्थापना भएको दिनलाई कानुन दिवसका रूपमा मनाउने गरिन्छ । नेपालमा प्रधान न्यायालय ऐन, २००८ बने पनि त्यसको लागू भने विसं २००९ वैशाख २६ गतेबाट लागू भएको थियो । सोही दिनको सम्झनामा प्रत्येक वर्ष वैशाख २६ गतेको दिनलाई कानुन दिवसका रूपमा मनाउने गरिएको छ । सर्वोच्च अदालतले उक्त दिवस प्रत्येक वर्ष मनाउने गरेको छ । प्रधानन्यायाधीश आयोजक रहने समारोहमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, कानुनमन्त्री लगायत, सरकारी उच्च अधिकारीहरूको उपस्थिति रहने गरेको छ । न्यायपालिकाको स्वतन्त्रता, विधिको शासन तथा आधुनिक न्याय प्रणालीको स्थापनाका लागि उक्त ऐनले खडा गरेको जगलाई थप मजबुत बनाउन विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने गरिन्छ । कानुन दिवसका अवसरमा सर्वोच्च अदालतले प्रत्येक वर्ष शुभकामना आदान-प्रसाद तथा चियापान कार्यक्रमको आयोजना गर्ने गरेको छ ।

### सांसद भण्डारीले आगलागी पीडितलाई भने -

# 'घरवास जले पनि, मन नजलाउँनुहोस्'

**जगदीश भट्टराई**

**गुल्मी,** वैशाख २५/'आगोले घर जले पनि मन नजलाउनुहोस्, जिल्ला जलिरहँदा मेरो मन जल्यो, म आफै अस्वस्थ भएका कारण समयमै आउन सकिन, धैर्यरहनुहोस् हामी साथमा छौं' यी भनाई नेपाली काँग्रेसका प्रभावशाली नेता तथा गुल्मी क्षेत्र १ का सांसद चन्द्र भण्डारीले अग्नि पीडितका घर आँगनमा पुगेर व्यक्त गरेका हुन् ।





जलेर घाइते भई उपचारकै क्रममारहेका भण्डारी अस्वस्थ अवस्थामा आगलागीबाट पीडितहरुलाई सान्त्वना दिर्दै सहयोगको पहल गर्न प्रभावित क्षेत्र पुगेका हुन् । भण्डारी यति बेला आगलागीबाट प्रभावित क्षेत्र गुल्मीका गाउँ- गाउँ पुगेर अवस्थाका बारे जानकारी लिइरहेका छन् । उनले घरगोठ जलेर पीडामा रहेका जनतालाई सम्झाउँदै घर जले पनि मन नजलाउन आग्रह गरे । सांसद भण्डारी भने 'मेरा घाउमा त, माम्री लागेका छन् । अग्नी पीडितका जलेका मनमा पहिलो मल्हम भेटघाट हो भन्ने सोंचेर म गृहजिल्ला आएको हुँ । अहिले नै सबै कहाँ पुग्न नसकुला तर राजधानी फर्के पछि, अवस्थाका विषयमा कुरा उठाउँछु, अनि सरकारलाई राहत पठाउन भन्छु ।' उनले पीडित सामु भावुक हुँदै भने 'नेपाली परम्परा जलेको छैन्,तपाईहरुको पीडालाई सहयोगको मल्हम लगाउँछौ, जलेका घरवास नयाँ बनाउँछौं, धैर्यरहनुहोस् ।' भण्डारीले गहभरी आँसु झार्दै यो पीडाको घडीमा हिम्मतर शाहसलाई कायमराख्न सबैसँग आग्रह गरे ।

घरवास जलेर बेघरवार भएका अग्नि पीडितका सामु चिन्ता नलिन सबैलाई अनुरोध गर्दै भने 'धेरै सहयोगी हातहरु हुनुहुन्छ चिन्ता नगर्नुहोस् ।' सांसद भण्डारीले यसो भन्दै गर्दा उजाड बस्तिमारहेका पीडितका खिन्नर जलेका मनहरु आश्वासनको ढाडसले सित्तल भएको महशुस स्थानीयले गरेको भान हुन्थ्यो । सांसदसंगै आगलागी प्रभावित क्षेत्र पुगेका नेपाली काँग्रेस गुल्मीका सभापति एवंरेसुंगा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले शरिरभरी सयौं, छालाका टालार जलनका घाउँहरुको दुखाई सहदै जनताको पीडामा साथ दिन भण्डारी गाउँमा आएसँगै पीडितहरुको मनमा शाहस पलाएको बताए । 'भण्डारी सदरमुकाम झर्ना साथ गाउँ जाउ भन्नुभयो, उहाँ गाउँ आएसँगै पीडित आशावादी छन्, यो नै उहाँको महानता हो' जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोण खत्रीले भने । 'गत बर्ष निवासमै ग्यास विस्फोट भएर,आमा गुमाएको पिडार आफुले पाएको पुर्नजीवनका अनुभव संगालीरहेका सांसद भण्डारीको यो कार्य अत्यन्तै प्रशसंनियरहेको इस्मा गाउँपालिकाका अध्यक्ष भगतसिंह खड्काले बताए । उनले तमाम स्वास्थ्य समस्याका बावजुद उहाँको जोस् र जागरमा कमी नहुनु भनेकै हामी गुल्मेलीहरु भाग्य मानीरहेको सुनाए । स्थानीय समाजसेवी युवा तारा भुषालले पनि सांसद भण्डारी आफै विरामी भए पनि पीडितको घर पुगेर सान्त्वना दिनुराम्रो लागेको बताए । नेता भण्डारीले इस्मा गाउँपालिका -२ सिदुङ्खा, गुल्मी दरवार गाउँपालिकाको चारपालार आसापसका अग्नि पीडितहरुका घरमा गएर पीडितको स्वास्थ्य अवस्थार क्षतिका विषयमा चासो लिएको उनका स्वकीय सचिव बोधराज कंडेलले जानकारी दिए ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस **श्रीनगर बहुउद्देश्यीय सहकारी संस्था**को लागि कर्मचारी आवश्यक परेको हुनाले आफ्नो वायोडाटा सहित निम्न योग्यता पुगेका नेपाली नागरिकले रित पुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पद :** लेखा सहायक,
**संख्या :** १ जना,
**आवश्यक शैक्षिक योग्यता :**मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा विषय लिई +२ उत्तिर्ण गरी कम्प्यूटरमा डिप्लोमा कोर्ष पुरा गरेको साथै अंग्रेजी र नेपाली टाइप गर्न सक्ने ।
**दरखास्त दिने अन्तिम मिति :** २०८१ जेठ २ गते
**निवेदन दस्तुर :** ५००/-, पाँच सय रुपैया मात्र
**आवश्यक कागजात :** वायोडाटा सहित नेपाली नागरिकता प्रतिलिपी, शैक्षिक योग्यता, कम्प्यूटर तालिमको प्रमाण पत्र र १ प्रति फोटो
**सुविधा-**संस्थाको कर्मचारी नियमावली अनुसार हुनेछ ।
**(स्थायी बसोबास र अनुभविलाई प्राथमिकता दिइने छ ।)**

**पदपूर्ति समिति**
**श्रीनगर बहुउद्देश्यीय सहकारी संस्था**
**विशाल बजार तानसेन, पाल्पा**
**सम्पर्क - ०७५-५२१३०३**

# रैनादेवी छहरा गाउँपालिकाको सेवा मोबाइल एप्सबाट

**कृष्ण पोखरेल**

**पाल्पा,** वैशाख २५/जिल्लाको रैनादेवी छहरा गाउँपालिकाले आर्थिक पारदर्शिता र छिटोछरितो सेवा प्रवाहका लागि मोबाइल एप्सबाट सेवा प्रदान गर्न थालेको छ ।




गाउँपालिकाले प्रदान गर्दै आएका हरेक किसिमका सेवा सुविधाहरुलाई अनलाईनमार्फत डिजिटल प्रविधीमा सेवाग्राहीले घर-घरमै पाउने गरी मोबाइल एप्सको सुरुवात गरेको हो । सेवाको एक कार्यक्रमका बीच गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराईले शुभारम्भ गरे । एप्लिकेशनबाट तत्काल सेवाग्राहीले गाउँपालिका तथा वडाका सम्पूर्ण सूचना, जानकारी प्राप्त गर्न सक्ने छन । पालिकाले प्रदान गर्दै आएको सेवा प्रवाहको बारेमा अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरूलाई प्रत्यक्ष रूपमा सुझाव र गुनासो राख्न सक्ने व्यवस्था गरिएको पालिका अध्यक्ष भट्टराईले बताए । एप्लिकेशनमा आपतकालीन सेवा, प्रहरी, एम्बुलेन्स सम्बन्धी जानकारी तथा सम्पर्क नम्वरहरु राखिएको छ । सो एप्समा गाउँपालिकाले निर्माण गरेका कानुनहरू तथा प्रकाशन गरिएका प्रतिवेदनहरू प्राप्त गर्न सकिने व्यवस्था गरिएको उपाध्यक्ष युवराज थापाले बताए ।

सोमबारदेखी सञ्चालनमा आएको पालिका एप्समा गाउँपालिकाको नागरिक वडापत्र तथा सेवाहरूको विवरण प्राप्त गर्न सकिने छ । गाउँपालिका भित्रका विद्यालय तथा स्वास्थ्य चौकीहरू सम्बन्धी जानकारी प्राप्त गर्न सकिने छ । यस एप्सलाई आगामी दिनहरूमा गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूलाई सूचना प्रविधि मैत्री बनाई अनलाइन माध्यमबाट सेवा प्रवाह हुने गरी विस्तार गरिनेछ ।

यो एप एक हप्तापछि गुगल प्ले स्टोरमा उपलब्ध हुनेछ । एप्लिकेशनमा आएका सुझाव गुनासाहरुलाई तत्काल कार्यान्वयनको व्यबस्था मिलाएको प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद तिमिल्सीनाले बताए । पालिकाले एप्सलाई व्यस्थित रुपमा सञ्चालन गर्ने रैनादेवी छहराका जनताको हात, हातमा पालिकाको सूचना गतिविधी पुर्‍याउने गरी डिजाईन गरिएको सूचना अधिकारी नारायण मल्लले बताए ।

## सन्तोष चलचित्र मन्दिरमा...




आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट नेपाली फिल्म जारी पछि दर्शकको प्रखाईमा रहेको चलचित्र **'मनसरा'** । साथै नेपाल अधिराज्यभर अपार सफलतापूर्वक चलिरहेको चलचित्र **'बोक्सीको घर'** पनि चलिरहेको छ । स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**
**बोक्सीको घर :** पहिलो शो : ११:३० बजे
**मनसरा :** दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे
(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)

टिकट बुकिङ्ग
नं. : ९८४७३९८५५९

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बजेट अधिवेशन : जटिलता कायमै

संघीय संसद्को बजेट अधिवेशन २८ वैशाखमा आह्वान गरिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा दुवै सदनको अधिवेशन आह्वान गरेका छन् । बर्खे अधिवेशनका रुपमा चिनिने बजेट अधिवेशन आह्वानसँगै संसद् सचिवालयले आवश्यक तयारी थालेको छ । तर जटिलता भने कायमै रहेको छ । नेपाली काँग्रेस सहकारी प्रकरणमा मुछिएका गृहमन्त्री रवि लामिछानेका विषयमा छानविन नहुँदासम्म संसद चल्न नदिने अडानमा छ । यद्यपी नेपाली काँग्रेसलाई मनाएरै भए पनि अधिवेशन र प्रि बजेटको शुभारम्भ गर्ने तयारीमा सभामुख देवराज घिमिरे छन् । उनले रात दिन खटेर सबै दलहरुसँग छलफल र परामर्श लिने काम गरेका छन् । यो आफैमा सकारात्मक हो । तर पनि दलहरु बीच सहमति हुने र नीति तथा कार्यक्रमले तत्कालै निकास पाउँने अवस्था भने देखिदैन । किन कि, जबसम्म गृहमन्त्रीको सहकारी प्रकरणका विषयमा संसदीय छानवीन समिति बन्दैन तबसम्म नेपाली काँग्रेसले संसदलाई सुचारु गर्न दिने मनस्थितिमा देखिदैन ।

सदन सञ्चालनका लागि बनाएको 'क्यालेण्डर' अनुरूप संसदीय गतिविधिमा सबै राजनीतिक दललाई सहयोग गर्न सभामुखले गरेको आग्रहले मात्रै काँग्रेस मान्दैन र केही हदसम्म सरकारलाई झुकाएरै भए पनि आफ्ना अडानलाई निरन्तरता दिने सोंच काँग्रेसमा रहेको देखिन्छ । काँग्रेस मात्रै होईन, स्वयं सत्तामा रहेका एमाले र अन्य दलका नेताहरु पनि संसदीय समिति निर्माण गरेरै अगाडि बढ्न सकारात्मक देखिएका छन् । राष्ट्रपतिले संघीय संसद्का दुवै सदनको बैठक आह्वान गर्ना साथ संसदलाई सुचारु बनाउनुपर्छ भन्ने मूल्य र मान्यताप्रति सभामुख चिन्तित हुनु आफैमा राम्रो पक्ष मानिएको छ । यो बर्ष 'प्रि–बजेट' छलफल लागि समय पर्याप्त छैन । बजेटका प्राथमिकता र सिद्धान्तमा हिउँदे अधिवेशनमै केही छलफल भएको भनिएता पनि सार्थकता भने देखिएन । यसै बीच संसदमा रहेका २६ वटा विधेयक र प्रतिनिधि सभामा दर्ता भएका २४ वटा विधेयक मध्ये १४ वटा विषयगत समितिमा र १० वटा राष्ट्रियसभामै अल्झिएको अवस्थालाई पाँच राजनैतिक दलहरुले गम्भीरता प्रर्दशन नगरेसम्म बजेट अधिवेशन सोंचे जस्तो फलदायी हुने देखिदैन । यसका लागि सरकार गम्भीर हुन आवश्यक छ । सभामुखले पनि विपक्षी दलहरुले माग गरेबमोजिम छानबिन समिति बनाएर सरकारलाई निष्कलंक हुनका लागि सोही अनुसारको भूमिका खेल्न जरुरी छ ।

## Opinion @ Social Network

गुलाबको बोट भन्दा पनि तुलसीको बोट बन्नु छ जिन्दगीमा जसलाइ रोज्न होइन खोज्न परोस् ।

*(युवराज मगरफेसबुक स्टाटसबाट https://www.facebook.com/yaubraj magar )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के सहरबाट गाउँ फर्किन सम्भव छ ?



**प्रेमराज अवस्थी**

*गाउँमा व्याप्त गरिबी, आम्दानीका स्रोतको सीमितता, सामाजिक बहिष्कार, जीविकोपार्जनमा कठिनाइ जस्ता अनेक कारणले गरिब परिवार पनि सानो-ठूलो सहरतिर आकर्षित हुन्छन् । नयाँ ठाउँमा जीवन सुरू गर्न चाहना भएकाहरू बसाइँसराइलाई अवसरका रुपमा लिन्छन् । समग्रमा सहरमा अवसरको विविधता हुने र आधुनिक सेवासुविधा पाइने हुँदा मानिसहरू गाउँ छाडेर सहर पस्छन् । सहरमा हुनेहरू विकसित देशतिर जाने प्रयासमा हुन्छन् । नेपालको तराई क्षेत्रमा औलो नियन्त्रणपछि पहाडबाट तराईतिर बसाइँसराइ ह्वात्तै बढ्यो। पहाडमा कठिन जीवन, उर्वरभूमिको सीमितताले खाद्यान्न अभाव, कठिन यातायात लगायत अनेक समस्याका कारणले समथर भूमिमा तीव्र बसाइँसराइ भयो ।*

बितेका केही वर्षहरूमा सहरमा बसाइँ सरेर असन्तुष्ट बनेका व्यक्तिको संख्या बढ्दै छ । गाउँबाट सहरतिर सरेकाहरूमा आफ्नै थातथलो फर्किने र सहरमै जन्मे-हुर्केर पनि कोलाहलबाट अलिक पर ग्रामीण परिवेशमा बसाइँ सर्ने प्रवृत्ति बढेको छ ।अनौपचारिक भेटघाट र छलफलमा कतिपय मानिस सहरले खुसी र स्वास्थ्य दुबै दिन नसकेको बताउँछन् । गाउँ छाडेर सहरमा सरेकालाई गाउँको याद आउँछ, देश छाडेर विदेश पुगेकालाई देशको याद आउँछ । सहर पसेका र विदेश पुगेका कतिपय मानिस केही वर्षमा गाउँ फर्किने कुरा गर्छन् । अझ आपतविपत परेको समयमा त गाउँबाट सहर आएकाहरूले सम्झिने आफ्नो गाउँ नै हो । २०७२ सालको भूकम्पका बेला होस् कि नाकाबन्दी वा कोरोना कहरका बेला, धेरै मानिस गाउँ फर्के। उनीहरूले सहरमा आफ्नोपन भेटेनन्, असुरक्षित अनुभव गरे । गाउँ र सहरबीच जीवनशैलीमा रहेको अन्तर पनि समयसँगै घट्दो क्रममा छ । गाउँमा सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनको गति बढेको छ । अहिले त धेरै गाउँहरूमा सहरी सुविधा पुगेको छ । स्कुलमा 'गाउँले जीवन र सहरिया जीवन'शीर्षकमा हुने वादविवाद प्रतियोगितामा पक्ष र विपक्षमा प्रस्तुत हुने तर्कहरू पनि बदलिन थालेका छन् । यस्तो बलिँदो परिप्रेक्ष्यमा गाउँबाट सहरमा बसाइँ सरेकाहरू आफ्नो थातथलो फर्किएलान् त ? रहरको सहरमा धूलो, धुवाँ र फोहोरमैलाको कहर छ। यस्तैमा पनि मानिसहरू पेसा-व्यवसायको अवसर र भविष्यको सपनाका कारण सहरमा बसेका हुन्छन् । गाउँबाट सहर पस्छन् । सहरबाट स्थायी रूपमा गाउँ फर्किनेहरूको आधिकारिक तथ्यांक भेटिँदैन तर फर्किनेहरूको संख्या क्रमिक रूपमा बढ्दै गएको देखिन थालेको छ । चर्चित गायक अमृत गुरूङ र पत्रकार नारायण वाग्ले आआफ्ना गाउँ फर्केर कृषिमा संलग्न भएका छन् । उनीहरूको कदम सामाजिक सञ्जालमा चर्चाको विषय पनि बनेको थियो । सहरबाट गाउँ फर्किन इच्छुकका लागि यी दुई पात्र प्रेरणा स्रोत हुन सक्छन् । पूर्व ताप्लेजुङदेखि पश्चिम दार्चुलासम्मका केही मानिसहरू सहर छाडेर गाउँ फर्किन थालेका छन् । सहरसँग अघाएकाहरू मात्र होइन, सहरमा भोका भएका र शोषणमा परेकाहरू पनि गाउँको थातथलोमा देखिन थालेका छन् ।

काठमाडौं महानगरपालिकाले सडकमा व्यापार गर्न रोक लगाएपछि पनि केही मानिस गाउँ फर्किए । फर्किनेको चर्चा हुनु-नहुनु फरक कुरा हो । डोटी, बागलुङ र सुर्खेतका केही मानिस तीन दशक ठूलो सहरमा बसेर २०८१ सालको सुरूमै आफ्नो गाउँ फर्केका भेटिए । पूर्वी पहाडका केही जिल्ला घुम्दा पनि गाउँमै उपयुक्त व्यवसाय गर्ने मनसायले सहरबाट फर्केका मानिसहरू भेटिए । आखिर किन धेरै मानिसहरू गाउँ छोडेर सहर पस्छन् ? अलि हुने-खानेहरू उच्च शिक्षा हासिल गर्ने, जागिर गर्ने, व्यवसाय गर्ने, सहरको आधुनिक सुविधा उपभोग गर्ने, विदेश जाने अवसर खोज्ने जस्ता कारणले सहर पस्छन् । गरिबहरू अनेक काम पाइने र बढी कमाइ हुने आशाले सहर पस्छन् । गाउँमा व्याप्त गरिबी, आम्दानीका स्रोतको सीमितता, सामाजिक बहिष्कार, जीविकोपार्जनमा कठिनाइ जस्ता अनेक कारणले गरिब परिवार पनि सानो-ठूलो सहरतिर आकर्षित हुन्छन् । नयाँ ठाउँमा जीवन सुरू गर्न चाहना भएकाहरू बसाइँसराइलाई अवसरका रूपमा लिन्छन् । समग्रमा सहरमा अवसरको विविधता हुने र आधुनिक सेवासुविधा पाइने हुँदा मानिसहरू गाउँ छाडेर सहर पस्छन् । सहरमा हुनेहरू विकसित देशतिर जाने प्रयासमा हुन्छन् । नेपालको तराई क्षेत्रमा औलो नियन्त्रणपछि पहाडबाट तराईतिर बसाइँसराइ ह्वात्तै बढ्यो। पहाडमा कठिन जीवन, उर्वरभूमिको सीमितताले खाद्यान्न अभाव, कठिन यातायात लगायत अनेक समस्याका कारणले समथर भूमिमा तीव्र बसाइँसराइ भयो । तराईको उर्वर भूमि, भूमिको उपलब्धता र सहज भौगोलिक बनोटले पहाडी बासिन्दालाई तराईतिर तानेको थियो । विगत तीन दशकयता वैदेशिक रोजगारीले बसाइँसराइ पहाड-तराई र गाउँ-सहरमा मात्र सीमित राखेको छैन, अझै फराकिलो बनाएको छ । वैदेशिक रोजगारीले समाजको गतिशीलता र आप्रवासन दुबै बढाएको छ । दैनिक १७ सयभन्दा बढी नेपाली युवा रोजगारीका लागि विदेश जाने गरेका छन् । सन् २०२१ को जनगणनाको तथ्यांक अनुसार कुल २२ लाख नेपाली विदेशमा छन् र उनीहरू १७२ देशमा छरिएका छन् । यो संख्या अझै बढी छ भन्ने आमधारणा छ । यति ठूलो संख्यामा देशभित्रै वा देशबाहिर बसाइँसराइ हुनुमा गरिबी, रोजगारी सिर्जनामा कमी, स्रोतसाधनको अभाव, विदेशमा श्रमको माग लगायत मुख्य कारण हुन् । बसाइँसराइका प्रवृत्ति, ढाँचा र कारणहरू समयसँगै परिवर्तनशील छन् । नेपाल सरकारले प्रवासीहरूलाई फर्काउने, वैदेशिक रोजगारीबाट फर्केकाले आर्जन गरेको पुँजी उत्पादनशील काममा लगानी गराउने, उनीहरूलाई एकीकृत गर्ने लगायत विषय समेटेर निर्देशिका ल्याएको छ । कोरोनाको समयमा लाखौं नेपाली विदेशबाट फर्किए । तीमध्ये केहीले गाउँमा व्यवसाय सुरू गरे । कोभिडको समय सहरी क्षेत्रमा सामना गर्नुपरेको एक्लोपन र उकुसमुकुसले पनि धेरै मानिसलाई गाउँ फर्कायो । कोभिडले विश्वभरि नै सहरी जनजीवनमा संकट सिर्जना गरेको थियो । तुलनात्मक रूपमा गाउँहरू ढुक्क थिए । 'रिभर्स माइग्रेसन' ह्वात्तै बढेको थियो । नेपालमा पनि कोभिडको समय गाउँ फर्किएका कतिपय मानिस गाउँमै अडिए । तिनले गाउँमै व्यवसाय गरे । सहरबाट गाउँतर्फ हुने बसाइँसराइ रिभर्स माइग्रेसन हो । हालका वर्षहरूमा सानै भए पनि विश्वभर नै रिभर्स माइग्रेसनको प्रवृत्ति देखिएको छ ।

देशभित्र वा बाहिर जता बसाइँ सरे पनि व्यक्तिको तत्कालीन समस्या समाधान गर्न मद्दत पुग्छ । व्यक्ति उच्च शिक्षा हासिल गर्छ । व्यक्तिले व्यावसायिक सीप हासिल गर्छ। आफ्नो आर्थिक अवस्था मजबुत बनाउँछ । आर्थिक अवस्था मजबुत भएपछि सामाजिक विभेद घट्छ । अर्कातिर तीव्र गतिको बसाइँसराइले गाउँहरू रित्तिए । सहरमा जनसंख्या हवात्त बढ्यो । प्राकृतिक स्रोतहरूको दोहन, घना जनसंख्या र प्रदूषणले अस्वस्थता बढायो । तराई क्षेत्रमा पनि प्राकृतिक स्रोतको दोहन बढ्यो । तीन पुस्ताअघि २० फिटमा पानी आउने इनार अहिले सय फिट गहिऱ्याउनु पर्ने भयो । मध्य तराईमा यस्तो समस्या बढी देखिएको छ । सहरले मानिसका केही सपनाहरू पूरा गरे पनि दीर्घकालीन रूपमा समस्या बढायो । कोलाहल, धूलोधुवाँ, खुला क्षेत्रको अभाव र बदलिँदा सम्बन्धका कारण मानिसहरू सहरमा खुसी हुन सकेनन् । सहर बिस्तारै जाडो समयमा भाँडोमा उम्लिँदै गरेको पानी जस्तो भयो । न्यानो हुँदै गरेको पानीमा हात डुबाउँदा मजा आउने र उम्लिने क्रम हुन लागेपछि हात झिक्नै पर्ने जस्तो भयो । इन्टरनेट प्रविधिको विकासले घरबाट काम 'वर्क फ्रम होम' गर्ने प्रवृत्ति बढ्दा सहरका लागि कतिपय काम गाउँमै बसेर गर्न सकिने भएको छ । स्वदेशमा आफ्नै घरमा बसेर विदेशका कम्पनीमा काम गर्ने युवाहरू भेटिन थालेका छन् । रोजगारीका लागि थातथलो छाडेकाहरू त निश्चित समयपछि फर्किन्छन् नै । विकसित देशमा पुगेकाहरू पनि 'पछि आफ्नै देश फर्किने हो'भन्ने धेरै भेटिन्छन् । गाउँको शान्त र सरल परिवेशमा सेवा निवृत्त जीवन आनन्दमय बनाउने र स्थानीय विकासमा थोरै भए पनि योगदान गर्ने चाहनाले गाउँ फर्किनेहरू पनि भेटिएका छन् ।

गाउँ फर्किएकाहरू गाउँमै अडिन्छन् भन्ने छैन । कोभिडमा गाउँमा फर्केकाहरू कोही फेरि सहर पसे, कोही फेरि विदेश पुगे । रिभर्स माइग्रेसन बढाउन र फर्केकालाई गाउँमै अड्याउन तीनै तहका सरकारले संयुक्त नीति बनाउनुपर्छ, आ-आफ्ना नीति र रणनीति पनि बनाउनुपर्छ । नीति र रणनीतिले ग्रामीण अर्थतन्त्र मजबुत बनाउने काम गर्नुपर्छ । पर्यावरण संरक्षणमा ध्यान दिनुपर्छ । बासिन्दाहरूमा सामाजिक न्यायमा आधारित दिगो सम्बन्ध बनाउने रणनीति हुनुपर्छ । गाउँ हुनुका मौलिक गुणहरू संरक्षण गर्नु उत्तिकै आवश्यक हुन्छ । सहरी विकृति र विसंगतिबाट गाउँ जोगाउन स्थानीय तहहरूले ध्यान दिनुपर्छ । यस्ता उपयाहरूबाट रिभर्स माइग्रेसन बढाउन सक्ने हो भने सामाजिक सम्बन्ध र ग्रामीण अर्थतन्त्र बलियो बनाउन सकिन्छ । गुमेका अवसरहरू फर्काउन सकिन्छ । स्थानीय सरकारहरूले प्राकृतिक स्रोतसाधनको संरक्षण र सदुपयोग हुने रणनीति अवलम्बन गर्नुपर्छ । ग्रामीण जनजीवनको गुणस्तरको मापदण्ड तय गर्नुपर्छ । मापदण्ड पूरा गर्ने कदम चाल्नुपर्छ । ग्रामीण मौलिक गुण नष्ट नहुने नीति लिई काम गर्नुपर्छ । स्थानीय सरकारहरूले गाउँलाई वातावरणीय, सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा दिगो, आत्मनिर्भर र रोजगारीमूलक बनाई जीवनको गुणस्तर अभिवृद्धिका लागि काम गर्न सक्छन् । यस दिशामा काम गर्न स्थानीय तहहरू कानुनी रूपले सबल छन् । आर्थिक रूपले सबल हुने बाटो पनि निर्माण गर्न सक्छन् । गाउँमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार जस्ता आधारभूत सेवा पुऱ्याउनु पर्छ । सेवाको गुणस्तर पनि बढाउनुपर्छ । यसो हुँदा गाउँको मान्छे गाउँमा अडिन सक्छ । सहरका विकृति र विसंगतिबाट जोगाउँदै ग्रामीण जीवनको गुणस्तर अभिवृद्धि गर्न सक्ने हो भने रिभर्स माइग्रेसन अवश्य बढ्नेछ । यसो हुँदा ग्रामीण स्रोतसाधनको सदुपयोग हुनेछ, ग्रामीण अर्थतन्त्र बलियो हुनेछ ।

**-सेतोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : राजनैतिक कार्यमा सफलता मिल्ने छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ | **तुला** : रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला । |
| **वृष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । मन खिन्न हुने स्थिति आउनेछ । | **वृश्चिक** : उपहार पाइने योग छ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **मिथुन** : शुभ कार्यमा सरिक भइनेछ । चिताएको कामले तीव्रता लिनेछ । | **धनु** : विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **कर्कट** : चलाखीपूर्ण बोलीले सिद्ध हुने छ । साथीभाइसँग समय बित्नेछ । | **मकर** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अल्छीपना पनि बढ्नेछ । |
| **सिंह** : समाजसेवामा मन लाग्नेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । | **कुम्भ** : छोटो दुरीको लाभदायक यात्रा रहला।मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ। |
| **कन्या** : स्वास्थ्यमा समस्या आउनसक्छ । सहकर्मीबाट विरोध आउला । | **मीन** : श्रमको उचित मूल्याङ्कन हुनेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । |

## मनोरञ्जन

# सुयशा : कमेडीकी ‘जिरे खुर्सानी’



‘कमेडी च्याम्पियन सिजन ३’ मा १२ वर्षीय सुयशा खनालले उमेरले आफूभन्दा पाका कमेडियनलाई दर्बिलो प्रस्तुति मार्फत टक्कर दिँदै आएकी छन् । सानै उमेरमा उनले देखाएको प्रतिभालाई लिएर कतिपयले ‘जिरे खुर्सानी’ संज्ञा दिएका छन् । कतिपयले भने उनी अद्भुत प्रतिभाको धनी भनेर व्याख्या गरेका छन् । ‘हुने बिरुवाको चिल्लो पात’ भनेझैं सुयशा प्रतियोगितामा एकपछि अर्को प्रस्तुतिमार्फत दर्शकको मन जित्दै अगाडि बढ्न सफल छिन् । ‘फिल्म र परिवार’ नामक प्रस्तुतिमार्फत फिल्म क्षेत्रका विभिन्न विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गर्दै अडिसन राउन्डबाट ‘टप ३०’ मा उनी छानिएकी थिइन् । ‘टप ३०’ मा दिएको ‘स्कुले विद्यार्थी’को प्रस्तुति उनको पहिलो दमदार प्रस्तुति थियो । यो प्रस्तुति आधा नसकिँदै जज ‘निर्णायक मण्डलका सदस्य’ सन्तोष पन्तले बर्जर बजाएर उनलाई अर्को राउण्डमा पुऱ्याएका थिए । यो प्रस्तुतिमा उनले स्कुलमा विद्यार्थीको समस्या, महँगो भर्ना शुल्क, धेरै किताब बोक्नुपर्ने विषय लगायतमा व्यङ्ग्य गरेकी थिइन् । त्यसपछि सडक बालबालिकाका विषयमा ‘सडकमा माग्ने बालिका’ प्रस्तुति दिएकी उनले यो प्रस्तुतिबाट ‘गोल्डेन बजार’ जित्दै अर्को फट्को मारिन् । प्रतियोगितामा तेस्रो प्रस्तुतिको रूपमा ‘नेताको छोरी’ बनेर नेता र नेताको छोरीको पीडा उठाएकी उनले यसमार्फत अर्को राउन्डमा जम्प गर्न सफल भइन् । उनको बजार तताएको र अहिलेसम्म चर्चामा रहेको प्रस्तुति चौथो थियो । जसमा उनले ‘बुढी आमा’को भेषमा बालविवाह र त्यसबाट भएका घटनाहरू केलाएर समाजप्रति प्रहार गरेकी थिइन् । यो प्रस्तुतिले उनलाई सर्वपरिचित बनाएको थियो । सुयशा अहिले प्रतियोगिताको ‘टप ७’ मा छिन् । टप ८ मा ‘ब्युटी पार्लर’को प्रस्तुति दिँदै उनी उत्कृष्ट ७ मा पुग्न सफल भएकी हुन् । यो प्रस्तुतिमा उनले ब्युटी पार्लरमा हुने मेकअप, त्यहाँको समस्याप्रति समाजमा चिनिएका पात्र ऋषि धमालादेखि फिल्म निर्देशक प्रदीप भट्टराईसम्मलाई प्रयोग गर्दै व्यङ्ग्य हानेकी थिइन् । टप ७ मात्र होइन, प्रतियोगितामा अहिले उनलाई उपाधिको दाबेदारको रूपमा पनि हेर्ने गरिएको छ । उनी पनि उपाधि जित्ने उद्देश्य सहित आफूले मेहनत गरिरहेको बताउँछिन् ।

**भेट्दा पत्याउँदैनन्**

४ वर्षको उमेरदेखि नै अभिनयमा होमिएकी उनले हिमालयन टेलिभिजनको एक सिरियलका लागि पहिलो पटक अभिनय गरेकी थिइन्, जसमा उनी फुच्ची निर्देशकको भूमिकामा थिइन् । त्यसपछि केही सिरियल र ‘नेपाली कमेडी शो’मा समेत कलाकारिता प्रस्तुत गरेकी उनी पछिल्लो समय प्राइम टिभीको ‘तीन पुस्ता’ भन्ने कार्यक्रमका देखिएकी थिइन् । सिताराम कट्टेल ‘धुर्मुस’ र कुञ्जना घिमिरे ‘सुन्तली’सँग एउटा सर्ट फिल्ममा समेत अभिनय गरेकी उनी सर्वपरिचित भने ‘कमेडी च्याम्पियन सिजन ३’मा प्रतियोगी भएर भित्रिएपछि भएकी हुन् । ‘कमेडी च्याम्पियन सिजन ३’मा उपाधिको लागिभन्दा केही सिक्ने उद्देश्यले सहभागी भएको उनले बताइन् । ‘चर्चा कमाउँला, उपाधि जितौँला भनेर प्रतियोगितामा आएको होइन’, सुयशाले भनिन्, ‘हेरौं न त भनेर छिरेको थिएँ । चर्चा र नाम दुवै पाउन सफल भएँ ।’ दर्शकको भोट र माया कायम रहे उपाधिसमेत जित्न सक्ने उनी सुनाउँछिन् । उनले भनिन्, ‘प्रतियोगितामा प्रतिभाको अलावा भोटको खेल पनि हुन्छ । सबैले भोट दिए मेरोलागि राम्रो हुन्छ ।’ उनका बुबा कलाकार भएकाले उनलाई मनग्य भोट दिलाउन खर्च गर्न सक्दैनन् । प्रतियोगिताका लागि उनलाई साथीभाइ, स्कुलका टिचरले समेत हौसला दिइरहेका छन् । कमेडी च्याम्पियनमा राम्रो प्रस्तुतिका कारण सुयशा टप १० बाट ७ सम्म ‘बेस्ट पर्फमर’ भएर भोटिङ राउण्डमा प्रवेश नै नगरी पुग्न सफल भएकी हुन् । प्रस्तुति हेर्दा बाहिर भेट्ने जो कोहीले उनलाई चिन्न सक्दैनन् । उनको अनुभव पनि त्यस्तै छ । बाहिर हिँड्दा दर्शकले कमेडी च्याम्पियन प्रतियोगी आफू नै हो भन्दा नपत्याउने गरेको उनी सुनाउँछिन् । ‘भेट्नेले कहाँ देखे-देखेजस्तो लाग्या छ भन्नुहुन्छ’, उनी थप्छिन्, ‘कमेडी च्याम्पियनमा बुढी आमा लगायतको कमेडी गर्ने त्यो सानो केटी मै हो भन्दा पत्याउनुहुन्न ।’ कमेडी च्याम्पियन प्रतियोगिताको तुलनामा सार्वजनिक रूपमा आफू केही फरक देखिने भएकाले मानिसहरूलाई पत्याउन गाह्रो भएको हुनसक्ने उनले अनुमान लगाइन् ।

**कन्टेन्ट आफैँ तयार गर्छिन्**

कमेडी मार्फत कलाकारितामा राम्रो उचाइ बनाएकी सुयशा ‘कमेडी च्याम्पियन’मा विजेता बने पनि नबने पनि कलाकारितामा निरन्तर लाग्ने सोच राख्छिन् । भविष्यमा राम्रो कलाकार बन्ने लक्ष्य लिएकी उनले कलाकारिता विरासतबाट पाएकी हुन् । उनका बुबा सन्तोष खनाल पनि राम्रो कलाकार हुन् । कमेडी कलाकारितामा सन्तोषको राम्रो छाप छ । बुबालाई देखेर उनी कलाकारिताप्रति लोभिएकी हुन् । भविष्यमा सफल र भर्सटायल कलाकार बन्ने एकमात्र लक्ष्य छ सुयशाको । ७ कक्षामा अध्ययनरत उनी कलाकारिताले अध्ययन बिग्रन्छ कि भन्नेतर्फ पनि निकै सचेत छिन् । त्यसैले अध्ययनबाट बचेको समयमात्र उनी कलाकारितामा दिन्छिन् । ‘मेरो पहिलो प्राथमिकता अध्ययन नै हो, त्यसपछि कलाकारिता’, उनले भनिन्, ‘यो समय मेरो लागि अध्ययन सबैभन्दा महत्त्वपूर्ण छ ।’ कलाकारिताले अध्ययनमा झनै सजिलो र राम्रो बनाएको उनको तर्क छ । ‘कमेडी च्याम्पियन’को तीन सिजनको रेकर्ड ब्रेक गर्दै अगाडि बढिरहेकी सुयशाको भविष्यमा फिल्म अभिनय गर्ने इच्छासमेत छ । अभिनेता प्रदीप खड्का र विपिन कार्कीको फ्यान उनी कमेडी च्याम्पियनका लागि कन्टेन्ट आफैँले लेख्छिन् । त्यसलाई फिनिसिङ दिने काम उनका बुबाको हो । कन्टेन्टका लागि उनी पहिले विषय उठाउँछिन् । त्यसपछि उक्त विषयसँग को-को टच हुन्छन्, समाजका चिनिएका व्यक्ति, जसलाई व्यङ्ग्य गर्न मिल्छ, त्यो जोड्छिन् । त्यसका लागि केही रिसर्च गरेर कन्टेन्ट तयार गर्ने गरेको उनी सुनाउँछिन् । उनी क्यारिकेचर गर्न पनि माहिर नै छिन् । उनी पत्रकार ऋषि धमला, प्रधानमन्त्री प्रचण्ड र कमेडियन सुमन कोइरालाको क्यारिकेचर गर्छिन् । अभिनयको अलावा डान्स र चित्रकलाको पनि सौखिन उनी खानामा मःमः, पिज्जा मन पराउँछिन् । उनी घुमघाममा पनि रुचि राख्छिन् ।

*-रातोपाटी डटकम*

# नारीप्रधान फिल्म ‘सतीदेवी’को प्रदर्शन मिति तय




लक्ष्मण सुवेदी निर्देशित सोसल-ड्रामा फिल्म ‘सतीदेवी’को प्रदर्शन मिति तय भएको छ । यो फिल्म साउन ४ गतेदेखि रिलिज हुने जानकारी निर्माताले दिएका छन् । बाबु र छोरीबीचको स्नेही सम्बन्ध, आरोह-अवरोह र समाजको सोचविरुद्ध महिला पात्र गर्ने संघर्षको कथावस्तुमा फिल्म बनेको छ । फिल्मको शीर्ष भूमिकामा मलिका महतले अभिनय गरेकी छन् । फिल्मले यसअघि विशेष प्रदर्शनको क्रममा उत्साहजनक समीक्षा प्राप्त गरिसकेको छ ।

फिल्ममा मलिकासहित रमेश बुढाथोकी, भोलाराज सापकोटा, कुलदीप अधिकारी, सन्दीपबाबु लोहनी सृजना अधिकारी, मनीषा सापकोटा, सुजिता शिवाकोटी, तुलसी श्रेष्ठ, इश्वरी सिंह, सन्देश लिम्बु, पवन केसी, जगदीश अधिकारीको अभिनय छ । दिलासा र साराको प्रस्तुती रहेको फिल्मको निर्माताका श्रीदेवी, दिलासा र सारा सुवेदी हुन् । दिलाशा क्रियसन र गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा निर्माण भएको फिल्ममा सुवेदीकै पटकथा र संवाद छ ।

बाबु श्रेष्ठले छायांकन गरेको फिल्ममा दीपक शर्मा र सुवास भुसालको संगीत छ । रामजी लामिछानेको नृत्य निर्देशन छ । लमजुङ, तनहुँ, कास्की र काठमाडौँका विभिन्न स्थानमा छायाङ्कन भएको फिल्मले ग्रामीण चलचित्र महोत्सवमा फिल्म, पटकथा र अभिनेतृ विधामा जित हासिल गरेको थियो । सौराहा दक्षिण एसियाली फिल्म फेस्टिभलमा निर्देशन र फिल्म विधामा उत्कृष्ट बनेको थियो । फिल्मलाई काठमाडौंमा उपत्यकामा रिच इन्टरटेन्टमेन्ट र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्नेछ । डिजिटल अधिकार ओएसआरले खरिद गरेको छ ।

*-अनलाइन खबर डटकम*

# ‘खजुरे ब्रो’ गीतमा नीति र रेअरको प्रेम

यही बैशाख २८ गतेबाट प्रदर्शनमा आउन लागेको कमेडी ड्रामा फिल्म ‘खजुरे ब्रो’को नयाँ सार्वजनिक गरिएको छ । ‘मैले फकाएर मात्र’ बोलको रोमान्टिक गीतमा अनमोल गुरुङको शब्द रचना, संगीत तथा स्वर छ भने रिकेश गुरुङको संगीत संयोजन छ ।

गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता रेअर राई र अभिनेत्री नीति शाह प्रेमिल भावमा प्रस्तुत छन् । कहीँ रेअर रिसाएकी नीतिलाई फकाउँदै देखिएका छन् भने कहीँ दुवै लुकामारी खेलिरहेका छन् । उनीहरुको केमेस्ट्री रोचक देखिन्छ । सुरज सुनुवारको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा रेअर र नीतिका साथै नवीन मानन्धर, महेश त्रिपाठी, विनीता थापा, पुष्कर कार्की, प्रकाश भुजेल, मनिष राउत, प्रेम सुब्बा, सुजाता राई, दीपचन्द्र राई, शान्तिला तामाङ लगायतको पनि अभिनय छ ।

कुनै समय धरानमा चर्चित मानिएका खजुरे पात्रबाट प्रभावित भएर फिल्म बनेको हो । त्यो पात्रमा रेअरले अभिनय गरेका छन् । दिव्य दृश्य इन्टरटेन्मेन्टले मान्द्रो प्रोडक्सन र मल्टी प्रपोज प्रालिसँगको सहकार्यमा निर्माण भएको फिल्मको निर्माता नवीन मानन्धर र सुरज सुनुवार हुन् । फिल्ममा सुनिल श्रेष्ठ, अनिल मानन्धर र पिकेश मानन्धर सह-निर्मातामा छन् भने डायमण्ड उप्रेती कार्यकारी निर्माता हुन् । शिशिर विशंखेको छायांकन रहेको फिल्ममा मित्र डी गुरुङको सम्पादन छ । निर्देशक सुनुवारले फिल्म रमाइलो बनेको बताएका छन् । उनी भन्छन्, ‘यो पूर्ण रुपमा कमेडी फिल्म हो । यद्यपि, यसमा कमेडी मात्र छैन, अरु रसहरु पनि छ । समग्रमा भन्नुपर्दा मनोरञ्जन हेतुले फिल्म बनाएका हौं । यसमा गम्भीर कथावाचन छैन, रमाइलो लाग्ने फिल्म बनेको छ ।’ यसअघि उनले ‘षडङ्ग’ निर्देशन गरेका थिए ।

*-फिल्मी खबर डटकम*


लुम्बिनी प्रदेश सरकार
शहरी विकास तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
तानसेन,पाल्पा

**डिप बोरिङ्ग निर्माण सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशन मिति: २०८१/०१/२६ गते)

**सूचना नं. ०१/२०८०/०८१**

यस कार्यालयको लागि तपशिल बमोजिमको निर्माण कार्य गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीलाई देहाय बमोजिमको शर्तहरुको अधिनमारही रितपुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**१)** दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक निर्माण व्यवसायीले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र, मू.अ. कर दर्ता प्रमाण पत्र एवं आ. व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. १,०००/राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

**२)** खरिद गरिएको शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहिछाप गरी शिलबन्दीमा लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्नेछ । सो शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे खोलिने छ ।

**३)** दरभाउपत्र खरिद कर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ ।

**४)** सिलबन्दी दरभाउपत्र साथ जमानत वापत तपशिलमा उल्लेख गरे बमोजिमको जमानत रकम यस कार्यालयको कार्यालय कोड नं. ३४७०२५००१५ राखी को.ले.नि.का. पाल्पाको रा.बा. बैक पाल्पा शाखामा रहेको खा.नं. १०००२०००१०००० (एकल कोष धरौटी खाता) मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिन अवधी (Validity) रहेको नेपाल सरकारबाट ‘क’ बर्गको मान्यता प्राप्त गरेको बैंकबाट सक्कल जमानीपत्र संलग्न गरी पेश गर्नुपर्नेछ ।

**५)** DTH प्रविधिबाट बोरिङ्ग निर्माण (जडान) कार्यको अनुभव प्राप्त गरेको निर्माण व्यवसायीले मात्र दरभाऊ खरिद गर्ने पाउने छ।

**६)** दररेट अंकर अक्षर दुवैमा लेख्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

**७)** म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनी शर्तराखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

**८)** शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुने छन् ।

**९)** शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमश: कार्यालय खुलेको अर्को दिन हुनेछ ।

**१०)** शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०७५-५२०००७ मा सम्पर्क गरी वा कार्यालयमा आई बुझ्न सकिने छ साथै शिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|
| १ | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

***डिभिजन प्रमुख***


# हिट अनि फिट स्वस्तिमा



अभिनेत्री स्वस्तिमा खड्कालाई दर्शक कसरी आफुतर्फ आकर्षित गर्न सकिन्छ भन्ने कुरामा राम्रो ज्ञान छ । स्वस्तिमाको सुन्दरताको विषयमा समर्थकहरुले जहिल्यै तारिफ गरेको पाइन्छ । उनको अभिनय र पोशाकले थप चर्चामा ल्याउने गरेको देखिन्छ । चलचित्र ‘होस्टेल रिटर्न्स’बाट चलचित्रमा अभिनय यात्रा थालेकी स्वस्तिमाले एक दर्जन चलचित्रमा अभिनय गरिसकेकी छन् । उनका अधिकांश चलचित्रहरु सफल भइसकेका छन् । चलचित्र तथा म्युजिक भिडियोमा अभिनय गरेकी स्वस्तिमा आफै चलचित्र निर्माणमा समेत जुटकी छन् । हालै उनले आफ्नै लगानीमा चलचित्र ‘बेहुली फ्रम मेघौली’निर्माण गरेकी छन् ।

*-इहिमालय टाइम्स डटकम*

# आज आमाको मुख हेर्ने दिन, आमाप्रति श्रद्धा गरेर मनाइँदै



**पाल्पा,** वैशाख २५/आज मातातीर्थ औंसी अर्थात् आमाको मुख हेर्ने दिन । जन्मदिने आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर व्यक्त गर्दै मनाइँदैछ । प्रत्येक वर्ष वैशाख कृष्ण पक्ष औंसीका दिन यो मनाउने गरिन्छ ।

मातातीर्थ औंसीका दिन जीवित आमालाई खान-लाउन दिएर सम्मान गरिन्छ भने दिवंगत आमाको सम्झनामा तर्पण, पिण्ड दान र श्राद्ध गरी सम्झना गरिन्छ । आजका दिन मातृश्राद्ध गरे अक्षय पुण्य प्राप्त भई आमाले तृप्ति पाउने शास्त्रमा उल्लेख गरिएको छ । शास्त्रमा बाबुभन्दा आमा दशगुणा बढी मान्य हुन्छिन् भनी व्याख्या गरिएको पाइन्छ । 'मातृदेवो भव:' भनेर सबैभन्दा पहिले भनिन्छ, त्यसपछि मात्र 'पितृदेवो भव:यसैबाट शास्त्रले आमालाई महत्व दिएको स्पष्ट हुन्छ । जीवित अथवा दिवंगत दुवै आमाको तृप्तिका लागि आजको दिनलाई पुण्यतम पर्व मानिन्छ । मुलुकका विभिन्न भागबाट आएका दर्शनार्थीले मातातीर्थका धारामा स्नान गरी माताको मन्दिरमा पूजा गरेर कुण्डमा दिवंगत आमाको मुख हेर्ने गर्दछन् । दिवंगत आमाको सम्झनामा तर्पण, सिदा दान र पिण्ड दान गरी श्राद्ध गर्ने दर्शनार्थीको समेत भीड लाग्ने गर्दछ । आज आमाको नाममा संकल्प गरेर श्राद्ध गरेमा कहिल्यै नाश नहुने पुण्य प्राप्त भई दिवंगत माता खुसी हुने शास्त्रमा वर्णन गरिएको छ । आजको दिन मातातीर्थमा रोटी खसेको र उक्त रोटी खसेको ठाउँमा दिवंगत आमाका मुख देखेको जनविश्वास छ । द्वापर युगमा गाई चराउन गोठालो आएका ग्वालाले खाजाका लागि ल्याएको रोटी कुण्डमा खसेपछि हेर्दा दिवंगत आमाको मुख देखेर रुन थालेका थिए । संयोगले त्यो दिन वैशाख कृष्ण औँसीको दिन परेको थियो । कुण्डमा देखिएकी आमाले ती ग्वालालाई नरोऊ प्रत्येक वर्ष वैशाख कृष्ण औँसीका दिन हामी दिवंगत माता यहाँ आउँछौँ भनेपछि त्यसैबेलादेखि मेला लाग्न थालेको पाइन्छ । आमा हुनेहरूले आजका दिन आफूलाई मन पर्ने मीठा मीठा खानेकुरा र वस्त्र आमा लगायत गुरुआमा, सासू र काकीहरूलाई दिने र आशीर्वाद ग्रहण गर्छन् ।

# निजामती सेवामा पाल्पा अब्बल हुनुपर्छ : नगरप्रमुख थापा

**हाम्रा संवाददाता**



**पाल्पा, (रामपुर),** वैशाख २५/ रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले निजामती सेवामा पाल्पा अब्बल हुनुपर्ने बताएका छन् । नगर सरकारले नगरवासीका मागलाई ध्यानमा राखेर सञ्चालन गरेको लोक सेवा आयोगको तयारी कक्षाको शुभारम्भ गर्दै उनले यस्तो बताएका हुन् ।

नगरप्रमुख थापाले राष्ट्र सेवक कर्मचारी भएर काम गर्न चहानेहरुका लागि सहज वातावरण सिर्जना गर्नका लागि लोक सेवा आयोग तयारी कक्षासञ्चालन गरिएको बताउँदै सबैले निजामती सेवामा अब्बल नतिजा ल्याउनुपर्नेमा जोड दिए । उनले भने,' देशमै धेरै सम्भावनाहरु छन्, लगनशीलताका साथ अध्ययन गरेर लोकसेवा परीक्षामार्फत जनता र राष्ट्रको सेवामा लाग्नुहोस् ।' छिमेकी जिल्लाहरुको तुलनामा पाल्पाका राष्ट्रसेवक कर्मचारी कम रहेको भन्दै त्यसलाई वृद्धि गर्नका लागि लोक सेवा आयोगमा प्रवेश गर्नु पर्नेमा नगर प्रमुख थापाले जोड दिए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुर्यदर्शन पण्डितले उच्च मनोबलका साथ अध्ययन गरे सफलता पाउन सकिने बताए । उनले भने,'लगनशीलता र मेहेनतका साथ अध्ययन गर्नुपर्ने हुन्छ ।' रामपुर नगरपालिकाका प्रशासन अधिकृत एवं लोक सेवा आयोग तयारी कक्षाका संयोजक युवराज पन्थीले कार्यक्रम बारे प्रष्ट पार्दै लोक सेवा आयोगको तयारीका लागि ज्ञान सीप र तरिका सिकाउन आवश्यक हुने बताए ।

तालिममा ६० जना युवहाहरुको सहभागिता रहेको नगर पालिकाको प्रेस संयोजक दानु हिस्कीले बताए । लोकसेवा आयोगको तयारीमा लागेका युवाहरुलाई निशुल्क कक्षा सञ्चालनले नगरवासीमा उत्साह जागेको छ ।


लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय
पर्यटन विकास परिषद्
बुटवल, रुपन्देही नेपाल

## तालिम सञ्चालन सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८१/०१/२६**

पर्यटन विकास परिषद्, लुम्बिनी प्रदेशको आयोजनामा देहाय वमोजिमको तालिम सञ्चालन गरिने हुँदा इच्छुक तथा योग्य नेपाली नागरिकहरुले मिति २०८१ साल जेष्ठ १ गते भित्र तपसिल वमोजिमका मापदण्डका अधिनमा रहि दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | तालिमको नाम | तालिम हुने समय र स्थान | संख्या |
|---|---|---|---|
| १ | साना तथा मझौला होटल व्यवस्थापन तालिम | बिहान ८:३० देखि बेलुकी ५:०० बजे सम्म, पाल्पा | ४० जना |

**नोट :**
- आवेदन फारम पर्यटन विकास परिषद्को कार्यालय बुटवलबाट उपलब्ध गराइने छ,साथै website–https://tdc.lumbini.gov.np मार्फत प्राप्त गर्न सकिनेछ ।
- प्रशिक्षार्थी १८ वर्ष उमेर पुगेको र नेपाली नागरिक हुनु पर्ने छ ।
- प्रशिक्षार्थीको शैक्षिक योग्यता सामान्य लेखपढ गर्न सक्ने हुनु पर्नेछ र होटल व्यवासय क्षेत्रमा कार्यरत तथा अनुभवीलाई प्राथमिकता दिइने छ ।
- प्रशिक्षार्थीले अनुसूची १ बमोजिम फारम भरी नागरिकता, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो उपलब्ध गराउनु पर्ने छ ।
- तालिम २०८१ जेष्ठ ४ गते देखि १० गतेसम्म सञ्चालन हुने छ । प्रशिक्षार्थी अनिवार्य रुपमा तालिम अवधिभर उपस्थित हुनु पर्ने छ ।
- तालिम अवधिभर खाजाको व्यवस्था परिषद्बाट उपलब्ध हुनेछ । सो भन्दा बाहेक अन्य कुनै भत्ता उपलब्ध हुने छैन र अन्य थप शुल्क पनि लाग्ने छैन ।
- थप जानकारीका लागि : ०७१-५९१२२०, वा Email – tdclumbini@gmail.com


## खेलकुद समाचार

# टी-२० विश्वकप : १३ देशको टोली घोषणा



**काठमाडौं,** वैशाख २५/आईसीसी टी-२० विश्वकप क्रिकेटका लागि अहिलेसम्म १३ वटा देशले टोली घोषणा गरेका छन् । आउँदो जुन १ देखि जुन २९ सम्म अमेरिका र वेस्ट इन्डिजमा हुने नवौँ संस्करणको प्रतियोगिताका लागि अहिलेसम्म १३ वटा देशले टोली घोषणा गरेका अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले जानकारी दिएको छ ।

टी-२० विश्वकपका लागि सबैभन्दा पहिला न्युजिल्यान्डले टोली घोषणा गरेको थियो । न्युजिल्यान्डले केन विलियमसनको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको छ । यस्तै नेपालले रोहितकुमार पौडेल, भारतले रोहित शर्मा, पूर्वविजेता इङ्ग्ल्यान्डले जोस बटलर, दक्षिण अफ्रिकाले एडन मार्करमको कप्तानीमा टोली घोषणा गरेको छ । यसैगरी अफगानिस्तानले राशिद खान, अस्ट्रेलियाले मिचेल मार्श, क्यानडाले साद बिन जफर, ओमानले अकिब इलियास, स्कटल्यान्डले रिची बेरिङटन, युगान्डाले ब्रेन मसाबा, अमेरिकाले मोनान्क पटेल र वेस्ट इन्डिजले रवमान पावेलको कप्तानीमा टोली घोषणा गरेको छ । २० वटा देश सहभागी हुने प्रतियोगिताका लागि बङ्गलादेश, आयरल्यान्ड, नामिबिया, नेदरल्यान्ड्स, पपुवा न्यु गिनी (पीएनजी), पाकिस्तान, श्रीलङ्काले टोली घोषणा गर्न बाँकी छ । टी-२० विश्वकपको समूह 'ए' मा आयरल्यान्ड, क्यानडा, अमेरिका, भारत र पाकिस्तान छन् । यस्तै समूह 'बी' मा अस्ट्रेलिया, नामिबिया, स्कटल्यान्ड, ओमान र इङ्गल्यान्ड छन् । समूह 'सी' मा अफगानिस्तान, युगान्डा, पीएनजी, न्युजिल्यान्ड र वेस्ट इन्डिज छन् । यस्तै समूह 'डी' मा नेपाल, नेदरल्यान्ड्स, दक्षिण अफ्रिका, श्रीलङ्का र बङ्गलादेश छन् । जुन १ मा उद्घाटन खेलमा अमेरिका र क्यानडाबीच प्रतिस्पर्धा हुनेछ ।


वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से बढ्यो, कारोबार रकम घट्यो



**पाल्पा,** वैशाख २४/साताको तेस्रो कारोबार दिन मंगलबार सेयर कारोबार मापक नेप्से परिसूचक थोरै अंकले बढेको छ । तेस्रो दिन नेप्से २.०६ अंकले बढेर १ हजार ९ सय ६०.८१ अंकमा उक्लेको हो ।

अघिल्लो दिनको तुलनामा यो ०.१० प्रतिशतले सकारात्मक बनेको छ । उक्त दिन कारोबारमा आएकामध्ये १ सय २० वटा कम्पनीको सेयर मूल्य बढ्यो, १ सय १४ वटाको घट्यो र बाँकी ११ वटा कम्पनीको सेयर मूल्य स्थिर छ । नेप्से परिसूचक सामान्य अंकले बढेपनि मंगलबार कारोबार रकम घटेको छ ।

उक्त दिन ३८ हजार २ सय १४ पटकको कारोबारबाट ५० लाख ६४ हजार ३८ कित्ता सेयर किनबेच भए । ती किनबेचमा करिब २ अर्ब १४ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम कम हो । गत सोमबार २ अर्ब ८९ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो ।


## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई :
- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारिक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई